सक्रिय प्रेम



पाष्टरीय तालीम पुस्तिका

५३

तालीम र वृद्धि

T&M ®

यो अध्ययनको उद्देश्य यही हो कि तपाईंको मण्डलीमा प्रेमले सिद्धता पाउन सकोस् । यसै हुन सकोस् भनी प्रार्थना गर्नुहोस् ।

१ कोरन्थी १३ मा भएको हरेका पदलाई विचार गर्नोस् ।

हामीमा अझ बढी प्रेम भएको होस्:

- परमेश्वरप्रति, (मत्ती २२:३७)
- खीष्टमा हाम्रा भाइहरुप्रति, (१ यूहन्ना ३:११)
- हाम्रा पति वा पत्नीप्रति, (एफिसी ५:३३)
- आफन्तहरु अनि मित्रहरुप्रति, (रोमी १२:१०)
- हाम्रा छिमकीप्रति, (मत्ती २२:३९)
- हामी रहने समाजप्रति, (रोमी १३:१-१०)
- हाम्रा शत्रुहरुप्रति । (मत्ती ५:४३-४४)

प्रेम

व्यवस्थाको एक पण्डितले येशूलाई फँसाउन एक जाल फिजाउन लागेछ । (मत्ती २२:३४-४०)

सारा आज्ञाहरु पूरा गर्न, हामीले सर्वप्रथम कसलाई प्रेम गर्नुपर्दछ:

☐ हाम्रा शत्रुलाई ।

☐ परमेश्वरलाई ।

यदि हामीले हरेक थोक र हरेक व्यक्तिभन्दा बढी परमेश्वर लाई प्रेम गर्दछौं भने हाम्रो प्रेम बढ्दै पनि जानेछ ।

जब हामीले ख्रीष्टलाई हाम्रो मुक्तिदाताको रुपमा चिन्दछौं, सारा हृदयले परमेश्वरलाई प्रेम गर्नको निम्ति पवित्र आत्माले नै हामीलाई सहायता गर्नुहुन्छ ।

इसाई प्रेम चाहिँ एक भावना मात्र होइन । यो ता आज्ञा पालनप्रति एक निर्णयात्मक काम हो । आफ्नी तरुणी पत्नीप्रति एक जवान मानिसले राखेको भावना जस्तो मात्र होइन । हरेकले नै, कुकुर र घोडाहरुले पनि, प्राकृतिक आकर्षण त महसूस अवश्य गर्दछ ।

कसरी हामीले हाम्रो छिमेकी (हाम्रा नजीकका मानिसहरु) लाई प्रेम गर्ने ? के हामीले उप्रति गहन आकर्षण महसूस गर्नुपर्दछ ? के उसले गरेको हरेक कुरोलाई हामीले स्वीकार्नै पर्दछ र ? अवश्य होइन ! कहिले-काहीँ हाम्रो छिमेकीप्रति भन्दा पाल्तु जनावरप्रति हामी बढी आकर्षित बन्दछौं ! अझ, आफ्ना स्वास्नी र छोराछोरीहरुलाई पिट्ने पियक्कडप्रति कसरी हामी सहमत बन्न सक्छौं ?

कसरी हाम्रो छिमेकीलाई प्रेम गर्नु पर्ने हो त्यो बुझ्नको निम्ति येशूले नै हामीलाई सहयोग गर्नुहुन्छ । उसलाई हामीले

आफूलाई जस्तै गरी प्रेम गर्नू भनी येशूले हामीलाई भन्नुहुन्छ। यसको अर्थ के हो ?

यसको अर्थ यही हो कि जतिसुकै मूल्य चुकाउनु परे पनि, हामीले हाम्रो सर्वोत्तम भलाइ खोजे जस्तै, हामीले हाम्रो छिमेकीको निम्ति पनि सर्वोत्तम भलाइ खोज्नु पर्दछ। यसको अर्थ यो होइन कि हाम्रो छिमेकीले गर्ने हरेक कुरासँग हामी सहमत हुनैपर्छ, अथवा हामीले उसलाई मन पराउनै पर्छ।

हामीप्रति भएको हाम्रो प्रेमले हाम्रो भलाइ खोज्दछ। हामीले हाम्रा आवश्यकताहरु पूरा गर्दछौं। हामी हाम्रा पापको निम्ति क्षमादान खोज्दछौं। यसकारण, येशू ख्रीष्टको आज्ञाले हाम्रो छिमेकीको निम्ति यसै गर्न सिकाउँछ– उसको भलाइ खोज, उसको वास्ता गर, अनि उसलाई क्षमा गरिदेऊ।

प्रेमको स्रोत

हामीमा, हाम्रो हृदयमा, येशूको उपस्थिति भएको कारण यो साँचो प्रेम आउँछ। यो परमेश्वरको आत्माको फल हो। (रोमी ५:५, गलाती ५:२२) यसैकारण जो ख्रीष्टियन होइन, उसले उसको शत्रुलाई प्रेम गर्नसक्तैन।

प्रेम निम्न कुराहरुको प्रमाण हो:

☐ पवित्र आत्मा हामीभित्र हुनुभएको ।

☐ असल गोठालोपनको ।



ईमान्दार इसाई प्रेम नै हाम्रो आत्मा पर मेश्वरको आत्माद्वारा येशू खीष्टसित एक हुनुको परिणाम हो ।

के हामीले मानिसहरुलाई प्रेमको निम्ति बन्धनमा पार्न सक्छौं ?

☐ ज्यू, सक्छौं ।

☐ अहँ, सक्तैनौं ।

इसाई प्रेम कहाँबाट आउँछ ? _____

तपाईंको उत्तरलाई गलाती ५:२२ सित तुलना गर्नोस् । प्रेम चाहिँ प्रार्थना, प्रोत्साहन र परमेश्वरको वचनद्वारा बढ्दछ ।

१ कोरन्थी १३ अध्यायले हामीमा परमेश्वरको पवित्र आत्माको उपस्थिति हुँदा, त्यसको प्रभाव के हुन्छ सो सिकाउँछ। प्रेम सम्बन्धी यो महान अध्यायलाई हामी विस्तृत रुपमा हेर्नेछौं।

१ कोरन्थी १३:१-२ *"यदि मैले मानिसहरु र स्वर्गदूतहरुको भाषामा बोलें तापनि ममा प्रेम छैन भने, म हल्ला मचाउने घण्टा र भ्याइँ-भ्याइँ गर्ने भ्याली मात्र हुन्छु। मसँग अगमवाणी बोल्ने शक्ति होला, र सबै रहस्य र सबै ज्ञानहरु बुझ्न सकूँला, र पहाडहरु हटाउन सक्नेसम्मको सम्पूर्ण विश्वास मसित होला, तर ममा प्रेमचाहिँ छैन भने म केही पनि होइन।"*

प्रेमसित प्रयोग गरियो भने आत्मिकी वरदानको मूल्य हुन्छ। कतिले उनीहरुमा भएको वर दानहरु परमेश्वरको महिमा गर्न अनि मण्डली निर्माण गर्नलाई होइन, तर उनीहरु स्वयं र माउनलाई, अथवा अरुलाई देखाउनलाई प्रयोग गर्दछन्।

प्रेम विना कुनै पनि वरदानको कुनै मूल्य छैन । यदि हामी प्रचार गर्दछौं, तर यदि यो पनि विना प्रेम गर्दछौं भने, यसको मूल्य के हुनेछः

- ☐ परमेश्वरको निम्ति धेरै ।
- ☐ वास्तवमा केही पनि हुन्न ।

यदि हामीले परमेश्वरलाई प्रेम गरेर होइन, तर हाम्रो आफ्नै फाइदाको निम्ति वरदान प्रयोग गर्दछौं भने, परमेश्वरको आराधना हुनुको साटो, हामीले आफ्नै महिमा गरिरहेका हुन्छौं ।

व्यवस्था ६:४-५ ले भन्दछः *"हे इस्राएल, सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ। तिमीहरुले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर।"*

ख्रीष्टकै निम्ति गरिएको भए तापनि, प्रेमरहित छ भने, कुनै पनि सेवा अथवा बलिदानको मूल्य हुँदैन।

१ कोरन्थी १३:३ *"यदि मैले सारा सम्पत्ति बाँडिदिएँ, र मेरो शरीर जलाउनलाई दिइहालें, तर मसित प्रेम छैन भने मलाई केही लाभ हुँदैन।"*

१ कोरन्थी १३:४क *"प्रेम धीरजी हुन्छ..."*

धैर्य भनेको के हो ? उहाँले हामीलाई प्रेम गर्नुभए जस्तै गरी प्रेम गर्नको लागि येशूले आज्ञा गर्नुभयो (यूहन्ना १३:३४)। उहाँले हामीलाई यति धेरै प्रेम गर्नुभयो कि उहाँले हाम्रा पापको निम्ति आफ्नो प्राण दिनुभयो । दुष्टताको बदला दुष्टता नै नगरेर, उहाँले धैर्यसाथ सबै प्रकारका खिल्लीहरु सहनुभयो ।

यदि मेरो छिमेकीले मबाट चोरेर लैजान्छ भने म के गरुँ ? येशूले भन्नुभयो, *"उसलाई क्षमा देऊ ।"* यदि त्यसले मेरो छोरोलाई मार्छ अथवा छोरीसँग बलात्कार गर्छ भने ? ख्रीष्टको उत्तर त त्यही नै हो ।

उसलाई क्षमा देऊ

केवल एक इसाईले मात्र येशूले झैं प्रेम गर्न र धैर्यसाथ क्षमा गर्नसक्छ । नास्तिकहरु र अपराधीहरुले पनि उनीहरुलाई र ाम्रो व्यवहार गरेको भए अनि कुनै समस्याहरु नभए राम्रै व्यवहार गर्दछन् । तर जब उनीहरुले येशूलाई क्रूसमा टाँगे,

उहाँले तिनीहरुलाई अझ पनि प्रेम गर्नुभयो, अनि तिनीहरुलाई क्षमा दिनुभयो । जब हामीलाई दुर्व्यवहार गरिन्छ, र पनि हामी क्षमा प्रदान गर्दछौं, तब येशूको प्रेम हामीमा देखिन्छ ।

हामी धीरजी छौं, अनि जब हामी क्षमा गरिदिन्छौं, यो प्रेम, विश्वास अनि आज्ञापालनमा हाम्रो इच्छा प्रकटीकरण हो । हामीले व्यक्तिलाई मन पराएको कारणले होइन, तर येशूले हामीलाई क्षमा गरिदिनु भन्नु भएको कारण हामी क्षमा दिन्छौं । (मर्कूस ११:२५-२६)

१ कोरन्थी १३:४ख *"...प्रेम दयालु हुन्छ ।"*

दयालु हुनु भनेको प्रेमको कारण असल कामहरु गरिदिनु हो । उदाहरणको लागि, के तपाईंले प्रेममा भएर नै दशांश दिनुहुन्छ ?

☐ ज्यू ।

☐ होइन ।

१ कोरन्थी १३:४ग *“प्रेमले डाह गर्दैन...”*

शायद कुनै डाही सदस्य एक पाष्टर अथवा अगुवा बन्न चाहन्छ होला । उसले मण्डलीलाई विभाजित गर्दछ । मानिसहरुलाई प्रेम गरेर होइन, तर उसको आफ्नै खातिर, उ अगुवा बन्न चाहन्छ ।

दयालु व्यक्तिमा निम्न कुरा हुन्छ:

☐ साँचो प्रेम ।

☐ स्वार्थी आकांक्षा ।

१ कोरन्थी १३:४घ *“प्रेमले शेखी गर्दैन, यो घमण्डी हुँदैन ।”*

यो शेखी व्यवहारले अरु सदस्यहरुमा कस्तो प्रभाव पार्ला ?

☐ यसले उनीहरुलाई प्रोत्साहित पार्दछ ।

☐ यसले उनीहरुलाई निरुत्साहित पार्दछ ।

घमण्डी विश्वासीहरुले अरुहरुलाई निरुत्साहित पार्दछ, अनि परमेश्वरको काममा रोकावट ल्याउँछ ।

घमण्डी व्यक्तिले उभन्दा कमजोर देखिने व्यक्तिहरुसित आफूलाई दाँज्छ । तर एक सच्चा इसाईले आफूलाई निम्न प्रकारले दाँज्नुपर्दछ:

- ☐ अरु असल मानिसहरुसित ।
- ☐ खीष्टसित ।

तपाईंको उत्तर २ कोरन्थी १०:१२-१८ सित दजाउँनोस् ।

हामीले सोंच्दै नसोंचेको बेला, शैतानले हामीलाई घमण्डी महसूस गर्न लाउँछ ।

१ कोरन्थी १३:५क *"प्रेम...बेकायदासाथ चल्दैन....।"*

अनियन्त्रित भएन भने, यौन इच्छा आफैमा पाप होइन । विवाह बन्धनभित्र, यौन सम्बन्ध ता परमेश्वरले आज्ञा गर्नु भए अनुसार, प्रेमको स्वाभाविक अभिव्यक्ति हो । तर, जब विवाहदेखि बाहिर सन्तुष्ट खोज्ने काम भयो भने, तब यो भड्किएको अनि पापमय हुनजान्छ ।

संसारसितको मित्रताले इसाई प्रेम निर्माण गर्दैन । बरु, यसले ता व्यभिचार, पियक्कडपन, अपराध, अनि पैसाको अपव्यय मात्र हुन जान्छ ।

१ कोरन्थी १३:५ख *"प्रेमले आफ्नै भलाइ खोज्दैन..."*

१ कोरन्थी ५:१०-११ ले लोभी विश्वासीसँग व्यवहार गर्न मनाही गरेको छ:



शैतानले हामीलाई स्वार्थी हुनको निम्ति परीक्षा गर्दछ, जसले प्रेमलाई नष्ट पार्दछ ।

स्वार्थी मानिसहरुले अरुहरुसित उत्ति सारो बाँड्चुड् गर्ने काम गर्दैनन् । जसले प्रेम गर्दछ, उसले चाहिँ पैसा, अथवा, सामान, अथवा परिश्रम सित्तैंमा प्रदान गर्दछ । उसले अरुहरुलाई सहयोग पुऱ्याउँछ । उदाहरणको लागि, उसले कसैलाई पढ्न-लेख्न सिकाउला ।

के तपाईं अरुहरुलाई प्रेमिलो भावमा सहयोग गन चाहनुहुन्छ ?

कसरी ?

---

१ कोरन्थी १३:५(ग) *"प्रेम...सजिलै रिसाउँदैन...."*

प्रेमसाथ एक मण्डलीमा पाष्टरको काम कसरी गर्नसकिन्छ:

☐ तर्साउँदै नियन्त्रणमा राखेर ।

☐ नम्र र दयालु बनी अगुवाइ गरेर ।

आक्रमक भएर बोल्दा सदस्यहरु निरुत्साहित बन्दछन् । प्रेमले ता मानिसहरुलाई बरु प्रोत्साहित पार्दछ अनि एकतामा ल्याउँछ ।

१ कोरन्थी १३:५(घ) *"प्रेमले खराबीको हिसाब राख्दैन ।"*

कुनै अपराधको निम्ति एक इसाईले कहिले बदला लिन सक्छ ?

☐ कहिले पनि सक्दैन ।

☐ गम्भीर विषयहरुमा सक्छ ।

तपाईंको उत्तरलाई रोमी १२:१७ सित दाँज्नोस् ।

१ कोरन्थी १३:६ *"प्रेम अधर्ममा प्रसन्न हुँदैन तर ठीक कुरामा रमाउँछ ।"*

१ कोरन्थी १३:७ *"प्रेमले सबै कुराको रक्षा गर्दछ, सधैं पत्यार गर्छ, सधैं आशा राख्छ, अनि प्रेम सधैं स्थिर रहन्छ ।"*

स्थिर रहने प्रेम हाम्रो मण्डलीमा, हाम्रो घरमा, हाम्रो छिमेकी अनि हाम्रो शत्रुप्रति देखिन्छ ।

मण्डलीमा स्थिर रहने प्रेम

आफ्नो बगाललाई प्रेम गर्ने पाष्टरले आफ्ना बगालका धेरै कमजोरीहरुलाई पेश गर्दछ ।

अति दृढ आशामा, पाष्टरले नयाँ विश्वासीहरुप्रति वास्ता पुऱ्याउँदछ ।

प्रेमले सधैं आशा गर्छ । हामी जान्दछौं कि सारा हृदयद्वारा जब कसैले पश्चाताप गरी येशू खीष्टमा विश्वास गर्दछ, ऊ बचाइन्छ । खीष्टमा मुक्तिको निश्चयता र निरन्तरतालाई बुझाउनको निम्ति हामीले नयाँ विश्वासीहरुलाई सहयोग गर्नु पर्दछ । यदि हामीले उनीहरुलाई शङ्का गर्ने मौका दियौं भने, उनीहरुलाई भर्माएर मुक्ति ता "धर्मकर्मबाट" पो पाइन्छ अथवा यस्तै अरु प्रकारका झूटा शिक्षाहरुमा पार्नलाई ब्वाँसाहरु सक्रिय बन्दछन् ।

प्रेम अनि मण्डलीमा अनुशासन

प्रेमले मिलाप चाहन्छ । तर कति अवस्थामा, कुनै सदस्य चाहिँ विभाजन, चोरी, व्यभिचार, खराब बोली, अथवा

पियक्कडपनमा मात्र रुची राख्ने हुनसक्छ। यस्तो व्यक्तिसित मत्ती १८:१५-२२ मा आज्ञा भए जस्तै (पहिले व्यक्तिगत रुपमा, त्यसपछि साक्षीहरु लिएर, अनि सारा मण्डलीको समुपस्थितिमा) चेताउनी दिने। यति गर्दा पनि, यदि त्यो सदस्यले पाप गरिरहन्छ भने, हामी उसलाई संगतिमा आइर हनको निम्ति अनुमति दिनसक्दैनौं। (रोमी १६:१७, १ कोरन्थी ५:११)

कुनै विद्रोही सदस्यलाई सुधार्नको निम्ति के तपाईंले यी कदमहरु चाल्नुहुन्छ ? _____

के तपाईं उसको निम्ति प्रार्थना गर्नुहुन्छ ? _____

घरमा स्थिर प्रेम

यो पद पढ्दा, तपाईं आफ्नो घरलाई सम्झनु होस्:

"प्रेमले सबै कुराको रक्षा गर्दछ, सधैं पत्यार गर्छ, सधैं आशा राख्छ, अनि प्रेम सधैं स्थिर रहन्छ।" (१ कोरन्थी १३:७)

पाष्टर, म मेरो श्रीमतीसित मिल्नै सक्तिनँ । उसले मेरो आज्ञा नै पालन गर्दिनन् ।

तपाईंले मसँग झगडा गर्नु र नानीहरुलाई कराउनु बाहेक अरु केही गर्नुहुन्न ।

मित्रहरु, प्रेम सधै स्थिर रहन्छ । पतिले आफूलाई प्रेम गर `जस्तै गरी आफ्नी पत्नीलाई प्रेम गर्नुपर्छ, अनि पत्नीले चाहिँ आफ्नो पतिको अधीनता स्वीकार्नु पर्दछ । (एफिसी ५:२२-३३)

पाष्टर, म कसरी उहाँमा समर्पित हुन सक्छु र ? उहाँले मलाई प्रेम नै गर्नुहुन्न । हेर्नोस् मेरा पाखुराहरुमा यो चोट, जो उहाँले मलाई कुटेर लागेको हो ।

भाइ, कुनै पनि पत्नीलाई अधीनतामा ल्याओ भनेर बाइबलले भन्दैन, तर उनलाई प्रेम गर पो भनेर आज्ञा गरेको छ । पतिहरुले आफ्ना पत्नीहरुलाई खीष्टले मण्डलीलाई प्रेम गर्नुभई उसको निम्ति आफैलाई दिइहाल्नु भए जस्तै गरी प्रेम गर्नू भनेर एफिसी ५:२५ मा बाइबलले आज्ञा गरेको छ । त्यो चाहिँ हो क्षमाशील प्रेम । यसले सबै कुरा सहन्छ ।



इसाई प्रेमले घरमा गनगन गर्न छोड्छ, किनकि प्रेम धीरजी हुन्छ । ईर्ष्या मर्छ, किनकि भरोसा र प्रेमले पत्यार र विश्वासलाई निर्माण गर्दछ । निरास टाडो भाग्छ, किनकि प्रेमले सधैं आशा गर्छ । रीस र विवाद हराएर जानेछ, किनकि प्रेमले हरेक कुरो सहन्छ ।

जुन घरमा प्रेमले राज गर्छ, त्यो घर यस पृथ्वीमा स्वर्गको पूर्व आभास हो ।



हाम्रा छिमेकीप्रति प्रेम

लूका १०:२५-३७ मा भएको असल सामरीको कथा पढ्नोस् ।

यो घटना अनुसार, हामीले कसरी परमेश्वरलाई प्रेम गर्नु पर्ने हो ?

☐ हाम्रो सारा मनले ।

☐ आफैलाई जस्तै गरी ।

हामीले हाम्रो छिमेकीलाई कसरी प्रेम गर्ने ?

☐ हाम्रो सारा मनले ।

☐ आफैलाई जस्तै गरी ।

हामीले हाम्रो परमेश्वरलाई हाम्रो सारा मनले अनि हाम्रो छिमेकीलाई आफूलाई जस्तै गरी प्रेम गर्नुपर्छ। तर, यो उखान अनुसार, कसरी हामी अरुको निम्ति सच्चा छिमेकी बन्न सक्छौं ?

☐ नजीकमा बसेर।

☐ खाँचोमा परेकाहरुलाई दया देखाएर।

मित्रहरु हुन् अथवा शत्रुहरु, खाँचोमा परेको हरेकलाई हामीले प्रेम देखाउनु पर्छ। तपाईंको छिमेकमा के कस्तो खाँचो छ जसमा तपाईंको मण्डलीले सहयोग प्रदान गर्न सक्छ ?

कथामा, कसले व्यावहारिक प्रेम देखायो ?

☐ पूजाहारीले।

☐ लेवीले।

☐ सामरीले।

तपाईंले माथि लेख्नु भएको खाँचोप्रति कुन प्रकारले सहयोग गर्दै तपाईं सामरीको नमूनालाई पछ्याउन सक्नु हुन्छ ?

हामीले अघि नै मण्डलीमा, घरमा, अनि हाम्रा छिमेकीप्रति हुनु पर्ने स्थिर प्रेमको बारेमा हेरिसक्यौं । अब असली प्रेमको अझ कठीन भागमा हामी आइपुगेका छौं ।

हाम्रा शत्रुप्रति स्थिर प्रेम

प्रभु येशूले इसाई सिद्धतालाई मन पराउनु भयो ।

"येशूले भन्नुभयो, 'आफ्ना शत्रुहरुलाई प्रेम गर, र तिमीहरुलाई सताउनेहरुका निम्ति प्रार्थना गर, र तिमीहरु स्वगमा हुनुहुने आफ्ना पिताका छोराहरु हुनेछौ । उहाँले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ । किनभने यदि तिमीहरुसँग प्रेम गर्नेहरुलाई मात्र प्रेम गर्दछौ भने तिमीहरुलाई के इनाम छ ? के महसूल उठाउनेहरुले पनि त्यसै गर्दैनन् र ? यसकारण जस्तो तिमीहरुका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरु पनि त्यस्तै सिद्ध हुनुपर्दछ ।"

(मत्ती ५:४४-४८)

तपाईंको शत्रुलाई सम्झँदै १ कोरन्थी १३:७ फेरि पढ्नोस्: *"प्रेमले सबै कुराको रक्षा गर्दछ, सधैं पत्यार गर्छ, सधैं आशा राख्छ, अनि प्रेम सधैं स्थिर रहन्छ ।"*

तपाईंले कुनै शत्रुसित मिलाप गर्नुपरेको छ भने तपाईंले के के गर्ने योजना गर्नुभएको छ ?

---

१ कोरन्थी १३:८-१० *"प्रेम कहिल्यै कहिल्यै टल्दैन । अगमवाणीहरु बितेर जानेछन्, भाषाहरु बन्द हुनेछन्, ज्ञान टलिजानेछ । हाम्रो ज्ञान अपूर्ण छ, हाम्रो अगमवाणी अपूर्ण छ । तर जब सिद्धताचाहिँ आउनेछ, तब अपूर्णता टलिजानेछ ।"*

यी पदहरु अनुसार के चाहिँ कहिल्यै टल्दैन ?

- ☐ भाषाहरुमा बोल्नु ।
- ☐ अगमवाणी गर्नु ।
- ☐ प्रेम ।

टिप्पणीः तपाईंको उत्तरसित ८-१० पदहरु जाँच्नोस् ।

१ कोरन्थी १३:११-१२ *"जब म बालक थिएँ तब बालकजस्तै बोल्थें, बालकले जस्तो विचार गर्थें, बालकले जस्तै तर्क गर्थें, तर जब म जवान भएँ तब बालकको चाल छोडिदिएँ । अहिले हामी ऐनामा जस्तै धमिलोसँग देख्छौं, तर त्यस बेलाचाहिँ छर्लङ्ग देख्नेछौं । अहिले म थोरै मात्र बुझ्दछु, त्यस बेलाचाहिँ पूरै बुझ्नेछु, जसरी म पनि पूर्ण रुपले चिनिएको छु ।"*

इसाई भएर हाम्रो जीवनमा हामी, खीष्टको स्वरुपमा झन झन परिवर्तन हुँदै, आत्मिकी परिपक्वतातर्फ बढ्दछौं । (२ कोरन्थी ३:१८) धेरैभन्दा धेरै हाम्रो जीवन खीष्टको चरित्रमा बद्लिँदै जानेछन् । उदाहरणको लागिः प्रेम, विश्वास, समझदारी, धीरज, आत्म-संयम, अरुहरुको निम्ति वास्ता, आज्ञापालन, परमेश्वरको निम्ति आदर, इत्यादि । (२ पत्रुस १:५-७)

अन्तमा, परमेश्वरको दृष्टिमा कुन इसाई सद्गुण चाहिँ सबैभन्दा बहुमूल्यको हुन्छ ?

डिनोमिनेसनहरुबीच कुन व्यवहारले बढी प्रेम प्रदर्शन गर्ला ?

☐ सधैं 'एकलै' काम गरेर ।

☐ अरु मण्डलीहरुसित सहभागी भएर ।

कुन व्यवहारले बढी परिपक्वता देखाउँछ ?

☐ अरुहरुलाई प्रेम देखाएर, ताकि उनीहरुले मलाई सहयोग गरुन् ।

☐ उनीहरुले मलाई सहयोग नगरे तापनि, अरुहरुलाई प्रेम देखाएर ।

एकलो आत्मा परमेश्वरबाट आउँदैन । बरु, प्रेमले ता खीष्टमा अरु विश्वासीहरुसित मिलेर काम गर्न अगुवाइ गर्दछ ।

यो कुरा अभ्यासमा ल्याउनको लागि तपाईंको मण्डलीलाई कसरी सहयोग गर्ने योजना तपाईंले गर्नु भएको छ ?

ईमान्दार प्रेमको वास्तविक प्रमाणहरु यस प्रकारका हुन्छन्:

- ☐ दयालु वचनहरु ।
- ☐ कामहरु ।
- ☐ गहिरो अनुभव ।

१ यूहन्ना ३:१८ सित तपाईंको उत्तर दँजाउनुहोस् ।



१ कोरन्थी १३:१३ *"अब विश्वास, आशा, प्रेम, यी तीन र हन्छन्, तर यिनमा सर्वोत्तमचाहिँ प्रेम नै हो ।"*

यो अध्यायको अन्तिम पदले प्रेमको महत्त्वलाई जनाएको छ । बलिदानपूर्ण प्रेम अनन्त हुन्छ । यसले आत्मिकी वर दानहरुलाई मान्दछ । यो विश्वास र आशाभन्दा अझ महत्त्वपूर्ण छ । सारा नयाँ करारले प्रेमको महत्त्वलाई जोड दिएको छ ।

प्रेमबारे सिकाउने धर्मशास्त्रीय खण्डहरु:

मत्ती ५:३८-४८
रोमी १२:९-२१, १३:८-१०
कलस्सी ३:१२-१५
फिलेमोन १:४-२०
१ पत्रुस १:२२
१ कोरन्थी १३
लूका १०:२५-३७
एफिसी ३:१४-२१, ५:२५-३३
१ तिमोथी १:५
हिब्रू १३:१-५
१ यूहन्ना ३:१०-१८, ४:७-२१
व्यवस्था ६:४-६

येशू अनि उहाँका चेलाहरुले प्रेमलाई कति महत्त्व दिए ?

☐ थोरै ।
☐ केही ।
☐ धेरै ।

अनि तपाईंले ? तपाईंले चाहिँ प्रेमलाई तपाईंको जीवन, काम अनि परिवार, तपाईंको छिमेकी अनि तपाईंको सेवकाइमा कतिको महत्त्व दिनुहुन्छ ?

☐ थोरै ।
☐ केही ।
☐ परमेश्वरको सहयोगमा, अति विशेष रुपमा ।

बाइबलको कुन अध्यायले प्रेम विना आत्मिकी वरदानहरु केही पनि होइनन् भनेको छ ?

☐ यर्मिया ५२ ।

☐ १ कोरन्थी १३ ।

☐ प्रकाश १३ ।

१ कोरन्थी १२ ले (सेवकाइको निम्ति) विभिन्न प्रकारका वर दानहरुको महत्त्वलाई बुझाएको छ । प्रेम विना कुनै पनि वर दान (अर्थात सेवकाइ) महत्त्वपूर्ण छैन भनी १ कोरन्थी १३ ले बुझाएको ।

कोही छिमेकी, आफन्त अथवा मित्रलाई सम्झनोस् जससित तपाईंको सम्बन्धमा कमजोरपना आएको छ (तपाईं स्वयंको अथवा, तिनीहरुकै भूलको कारण, कुनै मतलब छैन)। तिनीहरुको खाँचोलाई सम्झनोस् । तिनीहरुको कुन समस्या, चिन्ता अथवा खाँचोमा तपाईंले तिनीहरुलाई सहयोग पुऱ्याउन सक्नु हुन्छ ? तिनीहरुको निम्ति प्रार्थना गर्न थाल्नोस् ।

मातापिता हो, कुन व्यावहारिक रुपमा तपाईंले आफ्ना नानीहरुलाई अझ बढी प्रेम देखाउन सक्नु हुन्छ ?

पति अथवा पत्नी हो, कुन व्यावहारिक रुपमा तपाईंले आफ्ना पति अथवा पत्नीलाई अझ बढी प्रेम देखाउन सक्नु हुन्छ ?

सदस्यहरुमा अझ बढी प्रेम जागृत गराउन तपाईंको मण्डलीले के गर्नुपर्ला सोच्नुहोस् । कहिले-काहीँ सदस्यहरुमा समस्या पर्दा, "मिलापको सहमति"मा पुगेर झन राम्रो परिणाम पनि आउनसक्छ । सारा सदस्यहरुले विगतमा भएका पाप तथा अपराधलाई क्षमा गर्न अनि भुल्न प्रतिज्ञा गर्दछन् । आपसमा एकाअर्कालाई प्रेम गर्नको निम्ति उनीहरु समर्पित हुन्छन् । यसपछि, जुन सदस्यले विभाजन ल्याउने काम गर्दछ, उसलाई अनुशासनमा ल्याइन्छ ।

संगतिलाई बढाउने प्रकारका क्रियाकलापहरु गर्नु (बाहिर जानु, सँगै खाना खानु, इत्यादि) पनि अति आवश्यक पर्दछ। यसरी सदस्यहरुले एकाअर्कालाई चिन्नेछन् अनि सहयोग प्रदान गर्नेछन् ।

अभ्यासको काम

- सदस्यहरु प्रेममा जरा हालिएका र दह्रिला भएका होऊन् भनी तिनीहरुको निम्ति प्रार्थना गर्नोस् । (एफिसी ३:१७)

- व्यावहारिक रुपमा परमेश्वर, एकाअर्का अनि बाहिर काहरुलाई प्रेम गर्न मण्डलीलाई सिकाउनोस् । (१ कोर न्थी १३ प्रयोग गर्नोस् ।)

- रोमी १२:१० कन्ठस्थ पार्नोस् ।

- यदि कुनै सदस्य अरुसँग मिल्न सक्दैन भने, उनीहरु मिल्न सकून् र एकाअर्कालाई सहयोग गर्न सिकून् भनी परामर्श दिनोस् ।

- के कुनै सहकर्मीहरुमा समस्या छ अथवा उनीहरु निरुत्साहित भइरहेका छन् ?

यदि छ भने, प्रेरित पावल र उसको चेला तिमोथीबीच भए जस्तै प्रकारको प्रेम, उत्साह अनि आपसी सहयोग वृद्धि गर्न, उनीहरुसित समय बिताउनोस् । अगुवाहरु माझ यस प्रकारको प्रेम भए मात्र परमेश्वरको राज्यको विस्तार हुन सक्छ ।

टिप्पणीहरु:

टिप्पणीहरु

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

053NP01A-01